# प्रेस विज्ञप्ति

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)को सातौं राष्ट्रिय सल्लाहकार समितिको वैठक संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्गज्यूको अध्यक्षतामा २०७३ साल जेष्ठ २६ गते सम्पन्न भयो । उक्त वैठकमा महालेखा नियन्त्रक, सहकारी तथा गरीवी निवारण मन्त्रालय, स्वास्थ्य मन्त्रालय, कृषि विकास मन्त्रालयका उच्च अधिकारीहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह सचिव तथा महाशाखा प्रमुख एवं विभागकामहानिर्देशकहरु, एलजिसीडीपीका राष्ट्रिय कार्यक्रम निर्देशक, राष्ट्रिय कार्यक्रम प्रवन्धक लगायत कार्यक्रम सम्वद्ध कर्मचारीहरु, जिविस, नगरपालिका र गाविस महासंघका प्रतिनिधिहरु लगायत स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशकको उपस्थिति रहेको थियो ।

यसै गरी उक्त वैठकमा स्विस राजदुत डा. उर्स हेरेन, डेनिस दुतावास प्रतिनिधि मेरी थोर्न, युनिसेफ आवासीय प्रतिनिधि तोमो होजुमी, संयुक्त राष्ट्र संघ जनसंख्या विकास कोषका उप आवासीय प्रतिनिधि क्रिष्टिना व्लोखस, राष्ट्र संघीय विकास कार्यक्रमका उप निर्देशक सोफी केमखाड्, यूएन वुमनका उप आवासीय प्रतिनिधि गिताञ्जली सिंह, जाईकाका आवासीय प्रतिनिधि जुन साकुमा, युएनभी, युएनसिडीएफ, वेलायती विकास नियोग, नर्वेजियन दूतावास, युएन एजेन्सी, जिआईजेडलगायत  विभिन्न विकास साझेदार निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

सन् २००८ देखि संचालित यस कार्यक्रमले सामाजिक परिचालनका माध्यमबाट जनप्रतिनिधिविहीन वर्तमान अवस्थामा वडा नागरिक मञ्चसमेतको सहभागितामा स्थानीय योजना तर्जुमा पद्धतिको सुदृढीकरण गर्नुका साथै नागरिक सचेतना केन्द्रमार्फत अति विपन्न समुदायको गरिबी न्यूनीकरणमा योगदान पुर्‍याउँदै आएको छ । त्यसै गरी जनउत्तरदायी संयन्त्रको माध्यमबाट पारदर्शिता र जवाफदेहिताको अभिवृद्ध गरी स्थानीय सुशासन प्रवर्द्धनमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ ।

कार्यक्रमको अध्यक्षता गर्नुहुदै मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्गले उपस्थित सम्पूर्ण पदाधिकारीहरुलाई वैठकमा स्वागत गर्दै स्थानीय शासन रुपान्तरणद्धारा नागरिकहरुमा सुशासन प्रवर्द्धन गर्नका लागि विकास साझेदारहरुवाट प्राप्त सहयोगको प्रशंसा गर्दै भर्खरै जारी भएको संवैधानिक प्रावधानहरुको सफल कार्यान्वयनका लागि विकास साझेदारहरुको थप सहयोग जरुरी रहेको र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमद्धारा संक्रमणकालीन अवस्था सम्वोधन गर्न नेपाल सरकारलाई उल्लेखनीय सहयोग पुगेको धारणा व्यक्त गर्नु भयो ।

उक्त अवसरमा स्विस राजदूत तथा विकास साझेदारका अध्यक्ष डा. उर्स हेरेनले  यस अवधिमा एलजिसीडीपीले प्राप्त गरेका उल्लेख्य नतिजाहरुप्रति खुशी व्यक्त गर्दै स्थानीय तहमा राजनीतिक रिक्तता रहेको वर्तमान अवस्थामा कार्यक्रमले लिएको रणनीति अत्यन्त प्रभावकारी रहेको उल्लेख गर्नुहुदै हालै भएको मध्यावधि समीक्षा प्रतिवेदनले समेत यसको पुष्टि गरेको वताउनु भयो । साथै उहाँले हालै रामेछाप जाँदा विपन्न वर्गलाई सामाजिक-आर्थिक रुपले सशक्तीकरणका लागि गठित नागरिक सचेतना केन्द्रको कामबाट आफू प्रमाणित भएको बताउनु भयो ।

उक्त वैठकमा अघिल्लो सल्लाहकार समितिको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको समीक्षा र आगामी वर्षको कार्यक्रम र बजेट बारे कार्यक्रमका राष्ट्रिय निर्देशक रेश्मीराज पाण्डे र प्रवन्धक छवि रिजालले प्रस्तुत गर्नुभएको थियो । प्रस्तुति पश्चात, सहभागीहरुवाट व्यक्त सुझाव तथा प्रतिक्रियाहरु समावेश गरी विभिन्न १७ वटा निर्णयहरु गरिएको जसमध्ये केहि महत्वपूर्ण निर्णयहरु यस प्रकार छन् ।

१. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको आगामी आर्थिक बर्ष २०७३/७४ को बार्षिक कार्यक्रम र बजेट स्वीकृत ।

२ वित्तिय जोखिम न्यूनिकरण कार्ययोजना २०१५-२०१७ को प्रभावकारी कार्यान्वयनको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सिफारिश ।

३. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको मध्यावधि मूल्यांकन प्रतिवेदनलाई स्वीकृत गर्दै सो प्रतिवेदनले दिएको सिफारिशको आधारमा कार्यक्रमको अर्को चरण/नयाँ कार्यक्रम डिजाइन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नेतृत्वमा एक कार्यदल गठन गर्ने सिफारिश ।

४. स्थानीय शासन तथा सामुदायिक विकासको क्षेत्रमा आ-आफ्नो किसिमले संलग्न भई काम गर्दै आएका विकास साझेदारहरुलाई संयुक्त वित्तीय संरचना अन्तर्गत सहभागी भई सहायता उपलव्ध गराउन अभिप्रेरित गर्ने ।

५. डेनमार्क र नर्वे सरकारले यस कार्यक्रमको निमित्त क्रमश: ४ र ३ मिलियन अमेरीकी डलर अतिरिक्त आर्थिक सहायता प्रदान गरेकोमा धन्यवाद ज्ञापन ।

उक्त अवसरमा नेपालमा आफ्नो कार्यकालमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमलाई अत्यन्त निकट रही महत्वपुर्ण सहयोग पुर्‍याउदै आफ्नो कार्यकाल सफलतापुर्वक पूरा गरी निकट भविष्यमा नेपालवाट विदा हुन लाग्नुभएका स्विस राजदुत डा. उर्स हेरेनलाई वधाई ज्ञापन गर्दै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्ज्युले उपहार प्रदान गर्नुभएको थियो ।

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

पूर्ण चन्द्र भट्टराई
प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ जेष्ठ २७, काठमाण्डौं